PROTECTIVE MICRO INSURANCE

# प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड

**प्रधान कार्यालय: गोदावरी रोड, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**

फोन नं.: ०९१-५९०७०७, Email: info@protectivemicro.com, Web: www.protectivemicro.com

## दुर्घटना लघुबीमालेख

### (नेपाल बीमा प्राधिकरणबाट लघु बीमकका लागि जारी बीमालेख)

बीमितले बीमा वापत लाग्ने पुरा बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले पेश गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन,२०७९ को अधिनमा रही बीमक श्री **प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड** ले यो बीमालेख जारी गरेको छ।

१. **प्रारम्भ:** बीमितले बीमाशुल्क भुक्तानी गरेको मिति देखि जोखिम रक्षावरण प्रारम्भ हुनेछ।

२. **बीमादर:** यस बीमाको बीमादर प्रतिहजार पचहत्तर पैसा हुनेछ।

३. **क्षतिपूर्ति पाउने अवस्था:** बीमा अवधि भित्र दुर्घटनाका कारणले भएको क्षतिको बीमकले बीमांकको सिमा तथा बीमालेखको शर्तहरुको अधिनमा रही देहाय बमोजिम क्षतिपूर्ती प्रदान गर्नेछः

(१) मृत्यु भएमा बीमाङ्क रकम र काज किरिया खर्च बापत बीमाङ्कको १० प्रतिशत वा रु दश हजार रुपैँया मध्ये जुन बढी हुन्छ सो रकम।

(२) देहाय बमोजिम स्थायी पूर्ण अशक्त भएमा:

(क) कुनै एउटा हात वा कुनै एउटा खुट्टा वा दुवै आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा वा सधैँको लागि बोल्न नसक्ने भएमा वा ठिक नहुने गरी मेरुदण्ड काम नलाग्ने भएमा वा दुर्घटनाको कारण पूर्ण अशक्त भएमा बीमाङ्कको शत प्रतिशत

(ख) एउटा आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी एउटा कान नसुन्ने भएमा बीमाङ्कको पचास प्रतिशत

(ग) हात वा खुट्टाको औंला काम नलाग्ने भएमा प्रति औंला बीमाङ्कको बीस प्रतिशत

(घ) शरिरको अन्य कुनै अंगमा क्षति भई काम नलाग्ने भएमा चिकित्सकको सिफारिस बमोजिम बीमाङ्कको दश प्रतिशत

(३) औषधी उपचार गर्दा खर्च भएको रकम बीमांक वा एक लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सो को सिमा भित्र रही बिल बमोजिम।

४. **अपवाद:** देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन:

(१) जानी जानी आफैंले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासको कारणले भएको दुर्घटना,

(२) मादक पदार्थ सेवन वा लागू औषधको प्रयोग वा मानसिक सन्तुलन ठिक नभएको कारणले भएको दुर्घटना,

(३) मानव जीवन रक्षा गर्दा बाहेक नचाहिदो खतरा मोल्दा, जोखिमपूर्ण खेलकुद वा क्रियाकलापमा संलग्न भएमा वा अपराधिक कार्य गर्दा भएको दुर्घटना,

५. **बीमाका शर्तहरू:** (१) एउटै बीमितको एक भन्दा बढी बीमकबाट बीमा गर्न पाइने छैन।

(२) बीमित स्थायी पूर्ण अशक्त भएको कुरा मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित हुनु पर्नेछ।

(३) बीमितले झुठ्ठा, गलत विवरण दिएमा वा जालसाजीपूर्ण दाबी गरेमा वा बीमालेखको शर्त उल्लंघन गरेमा बीमकले दाबी भुक्तानी गर्नेछैन।

(४) बीमित दुर्घटनामा परे तुरून्तै बीमकलाई खबर गर्नु पर्नेछ र अपराधिक क्रियाकलाप समेत भएको रहेछ भने नजिकको प्रहरी कार्यालयमा समेत खबर गर्नु पर्नेछ।

(५) बीमक तथा बीमितले बीमालेखको एक एक प्रति आफूसंग राख्नुपर्नेछ।

६. **उजुरी दिन सकिने:** दावी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सकिनेछ।